# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३

*(मिति २०७४ साल जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३

| | लालमोहर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| | २०१३।५।२२ | २०१३।५।२६ |

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |

२०१३ सालको ऐन नं. ९

✂...............

प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त बनेको ऐन

प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त मुलुकी सवाल र अरु नेपाल कानूनको सट्टा नयाँ नियमहरु तयार गर्न आवश्यक भएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यो ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३" रहेको छ ।

(२) यो ऐन नेपाल भरमुलुकमा तुरुन्त लागू हुनेछ ।

२. नियम बनाउने नेपाल सरकारको अधिकार : (१) अर्थ, एकाउण्ट र अडिट सम्बन्धी समेत नेपाल सरकारको सबै काम सुचारु रुपले सम्पादन गर्न र विभिन्न अड्डाखानाहरुले अपनाएको सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नको निमित्त नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत बनाइएका नियमहरुले प्रशासकीय कार्यविधि सम्बन्धी प्रचलित नेपाल कानून खारेज गर्न अथवा संशोधन गर्न सक्ने छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानूनलाई संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

द्रष्टव्य:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।